त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको कार्यालय

किर्तिपुर, काठमाडौं ।

प.सं./च.नं.

मितिः २०८०-६-२१

### विषय : जानकारी सम्वन्धमा (संशोधित)

हालै इजरायलको विभिन्न क्षेत्रमा विद्रोहि समुहहरुवाट आक्रमण हुदाँ नेपालका विभिन्न विश्वविधालयवाट इन्टर्नसिप गर्न द्वन्दग्रस्त क्षेत्रमा परेका नेपाली विद्यार्थीहरुको अवस्थाको वारेमा यस अध्ययन संस्थानको गम्भिर ध्यानाकर्षण भएको छ । यस अध्ययन संस्थान र The Kinneret Academic College, Jorden Valley, Israel बीच भएको सम्झौता अनुसार २०८० भाद्र २०, भाद्र २५ र आश्विन १ गते **Learn and Earn Training Program** मा इन्टर्नसिपको लागि ९९ जना विधार्थीहरु Jorden Valley का विभिन्न फार्महरुमा गएको ब्यहोरा जानकारी गराइन्छ । हाल भैरहेको द्वन्द इजरायलको दक्षिण क्षेत्रमा भैरहेको र Jorden Valley उक्त द्वन्द्वग्रस्त क्षेत्रवाट सरदर २५० किलोमिटरको दुरीमा रहेको छ । प्राप्त जानकारी अनुसार Jorden Valley क्षेत्रमा हालसम्म द्वन्द्वको असर नरहेको वुझिन आएको छ ।

आज विहानसम्म The Kinneret Academic College प्राप्त जानकारी अनुसार यस अध्ययन संस्थान अन्तर्गतका सम्पुर्ण विद्यार्थीहरु सम्पर्कमा र सुरक्षित रहेको एंव केहि नियमित काममा समेत रहेको जानकारी प्राप्त भएको सवैमा जानकारी गराइन्छ । यस अध्ययन संस्थानको सम्बन्धित टोली नियमित रुपमा सम्वन्धित कलेज, नेपाल दुतावास र इजरायल दुतावास एंव परराष्ट्र मन्त्रीको सचिवालयसँग समेत सम्पर्कमा रहेको हुदाँ केहि जानकारी प्राप्त भएमा यथासम्भव छिटो जानकारी गराइने समेत सुचित गरिन्छ।

यस अप्ठेरो परिस्थितमा सवैलाइ संयमित हुनुकासाथै आधिकारीक सुचनाहरुवाट मात्र जानकारी आदान प्रदान गर्न र सम्वन्धित विद्यार्थीहरुलाइ कलेज एंव सुरक्षा निकायहरुवाट प्राप्त निर्देशन पालना गर्न अनुरोध गरिन्छ ।

............

डा. किशोर चन्द्र दाहाल

नि. डीन

पो.अ.ब. ९८४; फोन : ९७७-१-४३३०५००/४३३०६००; इमेल : info@iaas.edu.np; Website : www.iaas.edu.np